# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, माघ २६ गते २०४६ साल (संख्या ४३

## भाग ३

श्री ५ को सरकार

### कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले पशु आहारा उत्पादन विकास समिति (गठन) आदेश, २०४१ को दफा २ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी पशु आहारा उत्पादन विकास समितिमा देहाय बमोजिम हेरफेर गरेको हुँदा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ–

| | |
|---|---|
| (क) महा-निर्देशक, कृषि विकास विभाग– | अध्यक्ष |
| (ख) प्रतिनिधि, अर्थ मन्त्रालय– | सदस्य |
| (ग) प्रतिनिधि, कृषि मन्त्रालय– | " |
| (घ) प्रमुख, केन्द्रीय खाद्य प्रयोगशाला– | " |
| (ङ) सदस्य-सचिव, केन्द्रीय सहकारी विकास बोर्ड– | " |
| (च) प्रतिनिधि, राष्ट्रिय कृषि अनुसन्धान परिषद्– | " |
| (छ) प्रबन्धक, पशु आहारा उत्पादन विकास समिति– | सदस्य सचिव |

आज्ञाले,
बिन्देश्वरीप्रसाद सिन्हा
श्री ५ को सरकारको सचिव

C६S

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## भूमि सुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले आर्थिक ऐन, २०४५ को दफा १५.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी शहरी क्षेत्रको वर्गीकरण नभएको दाङ जिल्लाको तुलसीपुर नगरपालिका क्षेत्र भित्रको पूर्व हात्ती खोवा सोता, पश्चिम पातु खोला, उत्तर पातु खोला झर्ने मोटर बाटो हुँदै पूर्व जव्वरपुर थारू गाउँ सिरानको बाटो हुँदै हात्ती खोवा जाने गोरेटो बाटो, दक्षिण डुम्रि गाउँबाट महेन्द्र मा. वि. तर्फ र पातु खोला तर्फ जाने सडक साँध यति ४ किल्ला भित्र क्षेत्रको जग्गाहरूलाई भूमि करको प्रयोजनको लागि (च) वर्ग तोकि सोही ऐनको दफा १६.३ ले दिएको अधिकार प्रयोग गरी रजिष्ट्रेशन दस्तूरको प्रयोजनको लागि समेत शहरी क्षेत्र तोकिएकोले यो सूचना प्रकाशित गरेको छ ।

आज्ञाले,<br>
शरदकुमार भट्टराई<br>
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले हवाई उडानकर ऐन, २०१८ को दफा १० ले दिएको अधिकार प्रयोग गरी मिति २०४६।६।८ गते काठमाडौं आउनु भई मिति २०४६।६।६ गते स्वदेश प्रस्थान गर्नु भएका श्रीलंकाका राष्ट्रपति लगायत २३ जना अतिथिहरूलाई लाग्ने हवाई उडानकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,<br>
त्रिलोचन उप्रेती<br>
कानून अधिकृत

C60



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## जलश्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४६।६।१६ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणको प्रारम्भिक अधिकृत शेयर रू. २,००,००,००,०००।– ( दुई अरब ) बाट बढाइ रू. १०,००,००,००,०००।– (दश अरब) गरी सो पूँजीलाई प्रति शेयर रू. १००।– (एकसय) का दरले १०,००,००,०००।– (दश करोड) शेयरमा विभाजन गर्न नेपाल विद्युत प्राधिकरणलाई अनुमति दिइएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
सूर्यनाथ उपाध्याय
श्री ५ को सरकारको का. मु. सचिव

८६०१



मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा, मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।